# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ३) झापा, फाल्गुण ११ गते, २०७६ साल (संख्या २**

## भाग १

## शिवसताक्षी नगरपालिकाको
## सूचना

### शिवसताक्षी नगरपालिकाको शिक्षा ऐन, २०७६

**प्रमाणीकरण मितिः २०७६/११/११**

**प्रस्तावनाः** प्रतिष्पर्धी, दक्ष, सिपयुक्त, र प्रविधिमैत्री मानव संसाधनयुक्त नगरपालिका बनाई कर्तव्यपरायण, सदाचार, शिष्टाचार, नैतिक मुल्य र मान्यताको अभिवृद्धि गर्न नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भैरहेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै युग सुहाउदो गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले दिएको अधिकार प्रयोग गरि आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था गर्न शिवसताक्षी नगरपालिकाको नगरसभाले यो ऐन बनाइ जारी गरेको छ।

शिवसताक्षी नगरपालिका, झापा

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "शिवसताक्षी नगरपालिकाको शिक्षा ऐन, २०७६" रहेकोछ।

(२) यो ऐन नगरपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो ऐन शिवसताक्षी नगरसभाले पास गरे पछि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "ऐन" भन्नाले शिवसताक्षी नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले शिवसताक्षी नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ।

(घ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल विकास शिक्षा देखि कक्षा अठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(च) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको शिक्षा सेवाको अधिकृतलाई सम्झनु पर्छ।

(छ) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको हजुरबुवा, हजुरआमा तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ।

(ज) "परीक्षा समिति" भन्नाले दफा ५० (क) बमोजिम गठन हुने परीक्षा समन्ववय तथा संचालन समितिलाई सम्झनु पर्छ।

(झ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन प्रदेश शिक्षा ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ।

(ञ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक तथा प्रशासनिक नेतृत्व गर्ने शिक्षकलाई सम्झनु पर्छ।

(ट) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ठ) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ।

(ड) "व्यवस्थापन समिति" भन्नाले दफा ५७ (१) बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(ढ) "शिक्षक" शिक्षक भन्नाले विद्यालयको प्रारम्भिक बाल विकास देखि १२ कक्षासम्म अध्यापन गर्ने अध्यापकलाई सम्झनु पर्छ। सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ।

(ण) "कर्मचारी" कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ। सो शब्दले प्रदेश सामाजिक विकास मन्त्रालयलाई समेत जनाउँछ।

(थ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा शिक्षा सेवाको अधिकृत वा सो कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(द) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा र शाखा वा ईकाईलाई सम्झनु पर्छ।

(ध) "शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा ऐन वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ।

(न) "शिक्षक सेवा आयोग" भन्नाले संघीय तथा प्रदेश कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती, बढुवा सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(प) " नगर शिक्षा समिति" भन्नाले दफा ५५ अनुसार गठित समिति सम्झनु पर्छ ।

(फ) "शुल्क" भन्नाले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(ब) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(भ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(म) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(य) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ र "प्रदेश शिक्षा ऐन" भन्नाले प्रदेश सभाले बनाएको शिक्षा ऐन सम्झनु पर्छ ।

(र) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा संचालन गर्ने गरी दफा १७ बमोजिम अनुमती पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(ल) "न्यायिक समिति" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको नगरपालिकाको न्यायिक समितिलाई जनाउँदछ ।

(श) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ -

१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा ।

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ष) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति संझनु पर्छ र सो शब्दले दफा ५७ प्रयोजनको लागि विद्यार्थीको बुबा, आमा, हजुरवुवा, हजुरआमा (घरपट्टिको) र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(स) "कोष" भन्नाले दफा ३३ (१) वमोजिमको विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(ह) "नगरपालिका" भन्नाले शिवसताक्षी नगरपालिका सम्झनु पर्छ ।

(क्ष) "विद्यालय विकास योजना" भन्नाले विद्यालयको शैक्षिक आर्थिक, भौतिक सुधारका लागि तयार पारिएको योजना सम्झनु पर्छ ।

(त्र) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चली आएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(ज्ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२

## शिक्षामा नागरिकको पहुच र नगरपालिकाको दायित्व

**३. शिक्षा प्राप्त गर्ने अधिकार हुने:** नगर बासी प्रत्येक नागरिकलाई गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षा प्राप्त गर्न समतामूलक पहुचको अधिकार हुनेछ ।

**४. शिक्षा प्रादान गर्ने नगरपालिकाको दायित्व हुने:** नगरबासी प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

शिवसताक्षी नगरपालिका, झापा

**५. नागरिकको कर्तव्य हुने:** आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समूहका आफ्ना बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय पठाउनु नगर बासी प्रत्येक नागरिकको कर्तव्य हुनेछ।
शिक्षामा नागरिकको पहुच र नगरपालिकाको दायित्व सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ३
## अनिवार्य तथा निःशुल्क शिक्षा

**६. अनिवार्य शिक्षा प्रदान गरिने:** यो ऐन प्ररम्भ भएपछि नगरपालिकभित्र बसोबास गर्ने चार वर्ष पूरा भई तेह्र वर्ष सम्म उमेर पुगेको प्रत्येक बालबालिकालाई आधारभूत तह सम्म अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ।

**७. बालबालिकालाई विद्यालयमा भर्ना गराउनु पर्ने:** यो ऐन प्रारम्भ भएपछि नगरपालिकाभित्र बसोबास गर्ने विद्यालय उमेर समूहका आफ्ना बालबलिकालाई विद्यालयमा भर्ना गराउनु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ।

**८. अभिभावकको पहिचन नभएका बालबालिकाको शिक्षा:** नगरपालिकाको भौगोलिक क्षेत्रभित्र अभिभावकको पहिचान नभएका अनाथ बालबालिका भएमा त्यस्ता बालबालिकाको पालन पोषण तथा आधारभूत तह सम्मको शिक्षाको व्यवस्था सम्बन्धि दायित्व नगरपालिकाको हुनेछ।

**९. माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने:** प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने व्यवस्था मिलाइने छ।

**१०. अनौपचारिक, वैकल्पिक तथा खुल्ला व्यवस्था:** नगरपालिकाको क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नागरिकलाई आधारभूत तहसम्म आफ्नो अनुकूल शिक्षा प्राप्त गर्न अधिकार हुनेछ । जसका लागि अनौपचारिक, वैकल्पिक, खुल्ला, परम्परागत शिक्षा पद्धतिको सञ्चालन, संरक्षण र प्रवर्धन गरिने छ।

**११. सामुदायिक सिकाइ केन्द्रको सञ्चालन:** नगरपालिकाभित्र अनौपचारिक, वैकल्पिक, खुल्ला परम्परागत शिक्षाको व्यवस्थापन एवम् सञ्चालन गर्न, स्वरोजगार तथा सीप विकास सम्वन्धी कार्यक्रम सञ्चालन गर्न साक्षरता तथा साक्षरोत्तर शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रको स्थापना तथा सञ्चालन गरिने छ।

**१२. प्राविधिक शिक्षा सम्बन्धि व्यवस्था:** नगरपालिका भित्र माध्यमिक तह सम्मको समकक्षता हुने गरी बहुप्राविधिक शिक्षाको विकास, अनुसन्धान तथा प्रवर्धन गर्न एक प्राविधिक शिक्षा परिषद स्थापना गर्न सकिने छ। प्राविधिक शिक्षा परिषदको गठन, काम, कर्तव्य तथा अधिकार तोकिए बमोजम हुनेछ।

**१३. स्वस्थ्य उपाचारको प्रवन्ध:** आधारभूत तथा माध्यमिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाको नियमित स्वस्थ्य परीक्षण र आधारभूत स्वस्थ्य उपचार तथा परामर्श सम्बन्धि आवश्यक व्यवस्था गराइने छ।

**१४. बालबालिकाको लागि दिवा खाजा सम्बन्धि व्यवस्था:** मानव विकासको सुचकाङ्कको दृष्टिकोणले तोकिएको सुचकाङ्क भन्दा पछाडी परेका समुदाय वा आर्थिक रुपले विपन्न वा अपाङगता भएका नागरिकको परिवारका बालबालिका एवम् प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका बालबालिकालाई आवश्यकता अनुसार तोकिए बमोजिम दिवा खाजाको व्यवस्था गरिने छ।

## परिच्छेद - ४
## विद्यालय सञ्चालन, अनुमति, भौतिक पूर्वाधार तथा मापदण्ड

**१५. विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्ने:** (१) कसैले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै तोकिए बमोजिमको ढाँचामा नगर र्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

**१६. विद्यालय खोल्नको लागि पूरा गर्नु पर्ने पूर्बाधर:** विद्यालय खोल्नको लागि तोकिए बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

**१७. विद्यालय खोल्न अनुमति दिने :**(१) दफा १५ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा शिक्षा शाखा प्रमुखले निवेदनसाथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ । त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि दफा १६ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा शैक्षिकसत्र सुरु हुनुभन्दा दुई महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको विद्यालय सामुदायिक, संस्थागत वा धार्मिक, कुन स्वरुपमा संचालन गर्ने अनुमति माग गरिएको हो सोका सम्बन्धमा एकिन उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको रायको आधारमा शिक्षा समितिको वैठकबाट अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) अनुसार नगर शिक्षा समितिको सिफारिसमा शिक्षा शाखा प्रमुखले तोकिए बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(४) यसरी अनुमति दिँदा शैक्षिक सत्र सुरु हुनुभन्दा ३० दिन अगावै अनुमति दिनुपर्नेछ ।

(५) उपदफा (२) वमोजिम शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारिश गर्ने निर्णय गर्दा विद्यालय नक्साङकन, स्कुल जोनिङ्ग र नगर शिक्षा समितिले निर्धारण गरेको नगरपालिका र वडाको लागि विद्यालयको अधिकतम संख्याको अधिनमा रही दिनु पर्नेछ ।

(६) कसैले यस ऐन तथा यस ऐन विपरीत अनुमति दिएको वा प्राप्त गरेको पाइएमा नगरपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ र सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

**१८. विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देज:** विद्यालयले पालन गर्नु पर्ने शर्त तथा बन्देजहरू तोकिए बमोजिम हुनेछन् ।

**१९. मुनाफा नलिने विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था:** (१) संघीय/प्रदेश ऐनको मापदण्ड बमोजिम गुरुकुल, आश्रम, मदरसा वा गुम्बा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिएमा त्यस्तो विद्यालयको अनुमती, स्वीकृति र कक्षा थप सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

(३) गुरुकुल, आश्रम, मदरसा वा गुम्बा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

**२०. कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्था:** (१) कम्पनी ऐन अन्तर्गत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहनेले सोको अनुमतिको लागि तोकिए बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा अधिकृत वा निरीक्षकद्वारा त्यस्तो विद्यालयको जाँचबुझ गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि उक्त प्रतिवेदन र निवेदनसाथ प्राप्त कागजात जाँचबुझ गर्दा त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिब देखिएमा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरि तोकिए बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

**२१. बिदेशी संस्थासँग सम्बन्धन लिई विद्यालय खोल्ने:** विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने अनुमति वा स्वीकृति नेपाल सरकारको पूर्व स्वीकृति नलिई दिन सकिने छैन ।



शिवसताक्षी नगरपालिका, झापा

२२. **यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था** : (१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएको मानिने छ ।

तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्न पर्नेछ ।

(२) उपदफा (१) वमोजिम विवरण प्राप्त भए पछि शाखाले यस ऐन बमोजिम संचालन गर्न सकिने नसकिने र सकिने भए गर्नपर्ने सुधारको खाकासहित प्रतिवेदन पेश गर्नेछ ।

(३) प्राप्त प्रतिवेदन समेतको आधारमा शिक्षा शाखाले शिक्षा समिति समक्ष संचालन अनुमती दिन नसकिने भए सोही वमोजिम र शर्तसहित संचालन गर्न पर्ने भए शर्तको सहित विवरण पेश गर्नेछ ।

(४) शिक्षा समितिको निर्णय वमोजिम शिक्षा अधिकृतले तोकिए वमोजिमको ढाँचामा विद्यालयलाई प्रमाणपत्र दिनुपर्नेछ ।

२३. **धरौटी राख्नु पर्ने:** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि दुई लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि एक लाख रूपैयाँ,

(ग) पूर्वप्राथमिक विद्यालयको लागि पचास हजार रूपैयाँ ।

तर

(१) दफा १९ बमोजिम विद्यालय सञ्चालन गर्ने अनुमति लिँदा धरौटी राख्नु पर्ने छैन ।

२४. **धरौटी रकम जम्मा गरिने:** (१) विद्यालयले दफा २३ बमोजिमको धरौटी बापतको रकम नगरपालिकाको लेखा शाखाको १ कर्मचारी र सम्बन्धीत विद्यायलको प्र.अ. वा सस्थापक रहेको संयुक्त धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

२५. **विशेष प्रकृतिका विद्यालयको नियमन:** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयको नियमनको लागि संघीय /प्रदेशले जारी गरेको कार्यविधि अनुसार हुनेछ ।

२६. **विद्यालय गाभ्न सकिने:** (१) देहायको कुनै अवस्थामा नगर शिक्ष समितिको सिफारिसमा नगर कार्यपालिकाले दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सक्नेछ:

(क) तोकिए बमोजिमको पूर्वाधार कायम नरहेको,

(ख) अधिकांश कक्षामा तोकिएको संख्याको पन्ध्र प्रतिशत भन्दा कम विद्यार्थी संख्या भएको,

(ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

(घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी तीस मिनेटभन्दा कम रहेको,

(ङ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको ।

(च) नगर शिक्षा समितिले विद्यालय गाभ्न आवश्यक ठानी रायसहित कार्यपालिका समक्ष सिफारिस गरेमा र कार्यपालिकाले उपयुक्त ठहऱ्याएमा ।

(२) उपदफा (१) बमोजिमको आधारमा विद्यालयहरु गाभ्ने निर्णय गर्नु पूर्व शिक्षा समितिले त्यस्ता गाभिएपछिको विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी, विषय एकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको सोहि गाभिएको विद्यालय वा अन्यत्र आवश्यक परेको विद्यालयमा व्यबस्थापन गर्ने गरी कार्यपालिका समक्ष सिफारिस गर्नुपर्ने छ ।

(३) कार्यपालिकाले उपदफा (२) बमोजिमको सिफारिस प्राप्त गरीसके पछि सो सिफारीसका सम्बन्धमा विद्यालय गाभ्ने निर्णय गर्दाकै बखत आवश्यक निर्णय गर्नु पर्नेछ ।

(४) यस ऐनमा उल्लेखित विद्यालय गाभ्ने सम्वन्धी व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले शिक्षा समितिको सिफारिसमा कार्यविधी बनाई लागु गर्न सक्नेछ । यसरी गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, वा सीप विकास

केन्द, सामुदायिक केन्द्र जस्ता संस्था राख्न वा नगरपालिकाकाले आवश्यकता अनुसार विभिन्न कार्यालयहरु राख्ने प्रयोजन वा अन्य सार्वजनिक प्रयोजनको लागि प्रयोग गर्न सक्नेछ ।

२७. **गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन:** (१) दफा २६ बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ ।

२८. **विद्यालयको तह वा कक्षा घटाउन सकिने:** कुनै विद्यालयको सम्बन्धमा दफा २६ को अवस्था विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार नदेखिएमा नगर शिक्षा समितिको सिफारिसमा कार्यापालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

२९. **विद्यालयको कक्षा थप गर्न सकिने:** (१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिकाले थप हुने कक्षाको लागि तोकिए बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न शिक्षा शाखामा पठाइदिनेछ । शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा शिक्षा समितिले शैक्षिक सत्र सुरु हुनु अगावै अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक शिक्षा प्रदान गर्ने वाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति नगर शिक्षा समितिले दिनेछ ।

(४) प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय स्थापना गर्नका लागि नगरपालिकाले उपयुक्त सम्झेमा सम्बन्धित निकायमा आवश्यक सिफारिस गर्न सक्नेछ ।

३०. **विद्यालयको सम्पति:** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको विद्यालयको सम्पति मानिने छ ।

(२) शैक्षिक गुठी अन्तरगत सञ्चालित संस्थगत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहने छ ।

(३) कम्पनी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनीको नाममा रहने छ ।

(४) विद्यालयको भौतिक सम्पति संरक्षण गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

यस सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३१. **विद्यालयलाई छुट र सुविधा:** प्रचलित कानुनमा जुकसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा तोकिए बमोजिम लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर छुटको लागि सिफरिस दिइनेछ ।

३२. **शुल्क सम्बन्धि व्यवस्था:** (१) सामुदायिक विद्यालयको आधारभूत र माध्यमिक तहमा बालबालिकासँग कुनै प्रकारको शुल्क लिन पाइने छैन् ।

(२) विद्यालयलाई कुनै व्यक्ति वा संस्थाले दान, उपहार एवम् सहयोग दिन सक्ने छ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार वा नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्ने छ ।

३३. **विद्यालय कोष:** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहने छ । जसमा देहायका रकमहरु रहने छन्-

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

(ग) नगरपालिकाबाट,नगर शिक्षा कोषबाट प्राप्त अनुदान

(घ) शुल्कबाट प्राप्त अनुदान

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान

(च) अन्य स्रोतबाट प्राप्त अनुदान

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

३४. **प्रारम्भिक बाल विकास शिक्षा:** (१) प्रारम्भिक बाल विकासको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिएको बमोजिम अनुदान दिन सक्नेछ ।

३५. **विद्यालय सञ्चालन समय:** विद्यालय सञ्चालन समय तोकिए बमोजिम हुनेछ ।

३६. **प्रधानाध्यापकको व्यवस्था:** प्रधानाध्यापकाको नियुक्ति, पदावधि, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## शिक्षक महासंघ, शिक्षक, कर्मचारीको आचार संहिता, शिक्षकको सरुवा तथा सेवाका सर्तहरु

३७. **शिक्षक महासंघको गठन, काम, कर्तव्य र अधिकार:** (१) नगरभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयका शिक्षक तथा विद्यालय कर्मचारीहरुको पेशागत हीत तथा वृत्तिविकासका लागि एक शिक्षक महासंघ रहने छ ।

(२) शिक्षक महासंघको गठन, काम, कर्तव्य र अधिकार सोही महासंघको विधानमा व्यवस्था भए बमोजिम हुनेछ ।

३८. **आचारसंहिता:** शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको आचारसंहिता तोकिए बमोजिम हुनेछ ।

३९. **शिक्षकको सरुवा:** (१) स्वेच्छिक रुपमा सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फारम भरी तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्ने छ तर यस नगर भित्रको विद्यालयहरुको शैक्षिक गुणस्तर सूधारका निमित्त शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले नगर भित्रका जुनसुकै सामुदायिक विद्यालयहरुमा सरुवा गर्न सक्नेछ ।

(२) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था संघिय/प्रदेश शिक्षा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

४०. **शिक्षकको सेवाका सर्तहरु:** संघिय/प्रदेश शिक्षा ऐनमा व्यवस्था भएको अतिरिक्त शिक्षकको सेवाका सर्तहरु तोकिए बमोजिम हुनेछ ।

४१. **विद्यालय कर्मचारी सम्बन्धि व्यवस्था:** विद्यालय कर्मचारी सम्बन्धि संघिय/प्रदेश शिक्षा ऐनमा व्यवस्था भएको अतिरिक्त तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## शिक्षाका लागि बजेट वनियोजन तथा अनुदान

४२. **वजेट विनियोजन तथा अनुदान:** नगरपालिकाले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत विद्यालय सुधार योजना, विद्यालयको विद्यार्थी सङ्ख्या, सिकाइ उपलब्धी तथा भौगोलिक आवस्थाको आधारमा आधाभूत तथा माध्यमिक शिक्षा प्रदान गर्ने प्रयोजनको लागि रकम विनियोजन गरिने छ ।

४३. **अन्य व्यक्ति वा संस्थाले सहायता दिन सक्ने:** अन्य व्यक्ति वा संस्थाले विद्यालयको विकासका लागि नगरपालिकाको सहकार्यमा सहायता दिन सक्नेछ ।

४४. **नगर शिक्षा कोष:** (१) नगरपालिकामा एउटा नगर शिक्षा कोषको स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहने छन्-

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

(ग) चन्दाबाट उठेको रकम

(घ)नगरपालिकाबाट प्राप्त अनुदान

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## कसुर तथा जरिवाना तथा विभागीय कारबाही

४५. **कसुर तथा जरिवानाः** (१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विभागीय कारबाहीका लागि तोकिएको अधिकारी समक्ष सिफारिस गरिने छ ।

(क) बिना मौखिक सूचना लगातार सात दिन र लिखित सूचना विना पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप सञ्चालन गरेमा ।

(ङ) अन्य व्यवस्था संघिय/प्रदेश ऐन बमोजिम हुनेछ ।

४६. **दण्ड र सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई न्यायिक समितिले बिगो असूल गरी विगोका दुई गुणा जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले एक लाख रुपैयासम्म जरीवाना गर्न सक्नेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरे वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(ज) कानून विपरीतको अन्य कार्य गरेमा ।

(झ) अन्य व्यवस्था संघिय/प्रदेश ऐन बमोजिम हुनेछ ।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर न्यायिक समितिमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भई अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिमको कारबाहिका अतिरिक्त विभागीय सजाय समेत गरिनेछ ।

## परिच्छेद - ८

## खेलकुद, अतिरिक्त क्रियाकलाप र छात्रवृत्ति

४७. **खेलकुद, अतिरिक्त क्रियाकलाप तथा प्रतिभा पहिचान सम्बन्धि व्यवस्थाः** (१) बालबालिकाको विविध प्रतिभाको पहिचान तथा प्रस्फुटनका लागि नगर स्तरीय एक खेलकुद समितिको गठन गरिने छ ।

(२) नगर स्तरीय खेलकुद समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४८. **छात्रवृत्तिको व्यवस्था गर्नुपर्नेः** (१) संस्थागत विद्यालयले देहाय बमोजिमका विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी सिफारिस गर्दा कुल विद्यार्थी संङ्ख्याको कम्तीमा

पाँच प्रतिशत विद्यार्थीलाई अनिवार्य रुपमा पुर्ण छात्रवृत्तिको व्यवस्था गर्नुपर्नेछ । छात्रवृत्ति पाउने विद्यार्थी छनौट गर्दा निम्नानुसारका तथ्यलाई विशेष ध्यान दिनुपर्नेछः

(क) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आयआर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कापीकलम जस्ता स्टेशनरी उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको,

(ख) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रम क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको, वा

(ग) राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको,

(घ) दलित, अल्पसंङ्ख्यक, असहाय तथा अपाङ्गता भएका वालवालिका ।

(ङ) सहिद, बेपत्ता पारिएका व्यक्ति तथा जनआन्दोलनका घाईते तथा एकल महिला, अपाङ्गता भएका व्यक्तिका परिवारका बालबालिका ।

(२) छात्रवृत्ति सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ९
## स्थानीय पाठ्यक्रम, परीक्षा समिति, शैक्षिक तालिम, शिक्षाको गुणस्तर, शैक्षिक अनुसन्धान एवम् प्रविधिको विकास

४९. **स्थानीय पाठ्यक्रम विकास परिषदको गठन, काम, कर्तव्य र क्षेत्राधिकारः** (१) नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा स्थानीय आवश्यकता, भौगोलिक विशेषता, स्थानीय संस्कृति, कला, व्यवसाय, वातावरण तथा प्रकृतिको संरक्षण, पुरातात्विक सम्पदा संरक्षण समेतको शिक्षा प्रदान गर्ने प्रयोजनको लागि स्थानीय पाठ्यक्रम निर्माण गर्न एक स्थानीय पाठ्यक्रम विकास परिषद गठन गरिने छ ।

(२) स्थानीय पाठ्यक्रम विकास परिषदको गठन, काम, कर्तव्य र क्षेत्राधिकार तोकिए बमोजिम हुनेछ ।

५०. **परीक्षा समितिको गठन, काम, कर्तव्य र क्षेत्राधिकारः** (१) आधारभूत तहको परीक्षा संचालन तथा समन्वयको लागि देहाय बमोजिमको परीक्षा समिति रहनेछ ।

(अ) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समन्वय समिति

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) नगर उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) सुरक्षा निकायको प्रमुख | सदस्य |
| (च) कार्यपालिकाले आफूमध्येबाट मनोनित गरेको एक जना महिला | सदस्य |
| (छ) शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(आ) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति-

| | |
|---|---|
| (क) शिक्षा शाखाको प्रमुख | संयोजक |
| (ख) उपदफा (१) को (अ) बमोजिमको समितिबाट मनोनित सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षक मध्येबाट दुइ जना | सदस्य |
| (ग) उपदफा (१) को (अ) बमोजिमको समितिबाट मनोनित संथागत विद्यालयहरुको प्रधानाध्यपक/ संस्थापकहरु मध्येबाट एक जना | सदस्य |

(घ) शिक्षा अधिकृत/प्राविधिक सहायक वा नगरपालिकाको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) को (अ) र (आ) अनुसार गठित समितिको बैठक सम्बन्धी कार्यविधि र काम, कर्तव्य र क्षेत्राधिकार तोकिए बमोजिम हुनेछ ।

(३) परीक्षा समितिका मनोनित सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

५१. **स्थानीय शैक्षिक तालिम केन्द्रको व्यवस्था:** (१) नगरपालिकाको क्षेत्रभित्रका शिक्षक तथा कर्मचारीको पेशागत सीप विकास समेतका लागि एक स्थानीय शैक्षिक तालिम केन्द्रको व्यवस्था गर्न सक्नेछ ।

(२) स्थानीय शैक्षिक तालिम केन्द्रको व्यवस्था काम, कर्तव्य र क्षेत्राधिकार तोकिए बमोजिम हुनेछ ।

५२. **अनुसन्धान तथा विकास सम्बन्धि व्यवस्था:** (१) आधारभूत तथा माध्यमिक शिक्षा सम्बद्ध क्षेत्रमा नयाँ प्रविधि तथा प्राविधिक सीप विकासका लागि खोज तथा अनुसन्धानलाई प्रवर्धन गर्न नगरपालिकाले कार्यक्रम तर्जुमा गर्न सक्नेछ ।

(२) अनुसन्धान तथा विकास सम्बन्धि कामको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

५३. **शैक्षिक गुणस्तर परीक्षण केन्द्रको गठन, काम, कर्तव्य र क्षेत्राधिकार:** (१) विद्यालय शिक्षाको गुणस्तर मापन गर्ने काम समेतको लागि एक शैक्षिक गुणस्तर मापन केन्द्र गठन गर्न सक्नेछ ।

(२) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको गठन, काम, कर्तव्य र क्षेत्राधिकार तोकिए बमोजिम हुनेछ ।

५४. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक:** (१) विद्यालयले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्नेछ ।

(२) नगरपालिकले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यन्वयन गर्न उपदफा (१) ले बाधा पुऱ्याएको मानिने छैन् ।

## परिच्छेद - १०

## नगर शिक्षा समिति, वडा समन्वय समिति तथा विद्यालय व्यवस्थान समिति

५५. **नगर शिक्षा समितिको गठन, काम, कर्तव्य र क्षेत्राधिकार:** (१) नगरपालिकामा देहाय वमोजिमको एक नगर शिक्षा समिति रहनेछ :

(क) नगर प्रमुख - संयोजक

(ख) उप प्रमुख - सह-संयोजक

(ग) सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) नगर कार्यपालिकाका महिला सदस्यहरु मध्येवाट नगरपालिकाले मनोनित गरेको १ जना -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(च) सामुदायिक विद्यालयको (आधारभूत र माध्यमिक) तहका प्रधानाध्यापकहरु मध्येवाट १,१ जना गरि नगर शिक्षा समितिले मनोनित गरेको दुइ जना -सदस्य

(छ) संस्थागत विद्यालयहरुको सञ्चालकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(ज) नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको व्यबस्थापन समितिका अध्यक्षहरुमध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक जना -सदस्य

(झ) शिक्षाविद्हरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना महिलासहित दुइ जना -सदस्य

(ज) नगरपालिका शिक्षक महासंघको अध्यक्ष -सदस्य

(झ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(ञ) नगर बाल संजालको अध्यक्ष -स्थायी आमन्त्रित सदस्य

(२) नगर शिक्षा समितिको बैठकको कार्यविधि तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) नगर शिक्षा समितिका मनोनित सदस्यहरुको कार्यकाल तिन वर्षको हुने छ ।

**५६. वडा शिक्षा संयोजन समितिको गठन, काम, कर्तव्य र अधिकारः** (१) नगरपालिका भित्रका वडाका विद्यालयहरुलाई सहजीकरण, समन्वय तथा सहयोग गर्न प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा संयोजन समिति गठन गरिने छ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडाको सामुदायिक विद्यायलको प्रधानाध्यापकहरु - सदस्य

(ग) सम्बन्धित वडाको शिक्षा प्रेमी, बुद्धिजीवीहरु र सामुदायिक विद्यलयको अध्यक्षहरु मध्येबाट वडा समितिले मनोनित गरेको एकजना महिल सहित दुइ जना - सदस्य

(घ) सम्बन्धित वडा क्षेत्रभित्र सञ्चालि संस्थागत विद्यालयका संस्थापकहरु मध्येबाट वडा समितिले मनोनित गरेको एक जना - सदस्य

(ङ) वडा शिक्षा संयोजन समितिले आफूमध्येबाट मनोनित गरेको एकजना - सदस्य सचिव

(च) वडास्तरिय बाल क्लबको प्रतिनिधि -आमन्त्रित सदस्य

(२) वडा शिक्षा संयोजन समितिको बैठकको कार्यविधि तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**५७. विद्यालय व्यवस्थापन समिति रहने :** (१) प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका अभिभावकहरुले आफूमध्येवाट छानेका दुई जना महिलासहित ४ जना -सदस्य

(ख) विद्यालयका संस्थापक तथा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका चन्दा दाता वा सो विद्यालयको सेवा क्षेत्र भित्रको शिक्षाप्रेमी, बुद्धिजिबी, समाजसेवी वा सोहि विद्यालयको अभिभावकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित २ जना -सदस्य

(ग) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य -सदस्य

(घ) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधि १ जना -सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(च) विद्यालय स्तरीय बाल क्लवले मनोनयन गरेको छात्र एक र छात्रा एक जना गरी जम्मा २ जना -स्थायी आमन्त्रित सदस्य

(२) विद्यालय व्यबस्थापन समितिको अध्यक्ष उपदफा (१) को खण्ड "क" र "ख" मा उल्लिखित व्यक्तिहरुले आफूमध्येबाट बहुमतको आधारमा छनौट गर्नेछन्, मतदान हुदाँ बराबर भएमा गोला प्रथाबाट अध्यक्षको छनौट गरीनेछ ।

तर, अध्यक्ष छनौट गर्नु अघि विद्यालय व्यबस्थापन समितिको बैठकको अध्यक्षता जेष्ठ सदस्यले गर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्राविधिक तथा व्यबसायिक विषयमा वा अध्ययन तालिम गराईने माध्यमिक विद्यालय व्यबस्थापन समितिमा नगरस्तरका उद्योग तथा बाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

तर, नगरस्तरको उद्योग तथा बाणिज्य महासंघ गठन नभएसम्मका लागि जिल्ला स्तरका उद्योग तथा बाणिज्य महासंघका प्रतिनिधिलाई समितिमा प्रतिनिधित्व गराउन सकिनेछ ।

(४) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयको संस्थापक वा लगानी कर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा शिक्षा शाखाले मनोनीत गरेको -अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट २ जना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको तीन जना -सदस्य

(घ) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले आफुमध्येबाट तोकेको एकजना प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूमध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यपक/संस्थपक -सदस्य सचिव

(छ) विद्यालयस्तरीया बाल क्लबले मनोनयन गरेको छात्र १ र छात्रा १ स्थायी आमन्त्रीत सदस्य

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्षको योग्यता संघिय तथा प्रदेश शिक्षा ऐनले तोके बमोजिम हुनेछ।

(५क) समादायिक तथा संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको पदेन सदस्यबाहेकको कार्य अवधि तीन वर्षको हुनेछ। वा तेस्रो वर्षको शैक्षिक सत्रको अन्त्यमा समाप्त हुनेछ।

(६) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिनै स्वीकृत गर्नेछ।

(७) विद्यालयले तोकिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, हजुरबुवा,हजुरआमा, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ।

(९) शैक्षिक गुठी अन्तरगत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगर शिक्षा समितिलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगरबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) नगरपालिकाले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकामा पेश गर्ने,

(झ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ, आमा समूह, पूर्व विद्यार्थी मञ्च गठन गर्ने।

(८) विद्यालय व्यवस्थापन समिति लगायत अन्य समितिको अन्य काम, कर्तव्य र अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ

५८. **व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था:** (१) यो ऐनको प्ररम्भ भए पछि शैक्षिक सत्र सुरु भएको मितिले पैतालिस दिन भित्र प्रधानाध्यपकले दफा ५७ को उपदफा (१) को खण्ड (क) बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सदस्यहरुको छनौट गर्ने प्रयोजनको लागि कम्तिमा सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अभिभावकलाई भेला गराउनु तीन दिन अघि सम्बन्धीत विद्यालयले अभिभावको नामावली विद्यालयमा सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपादफा (१) बमोजिम सदस्यहरु छनौटको गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित वडाको वडाध्यक्ष वा वडासदस्यहरुमध्ये तोकिएको प्रतिनिधिको संयोजकत्वमा सम्बन्धित विद्यालयको प्रधानाध्यपक, छिमेकी विद्यालयको प्रधानाध्यापक, नगर शिक्षाको प्रतिनिधि र नगर शिक्षक महासंघको प्रतिनिधि रहेको पाँच सदस्यीय छनौट सहयोग समिति गठन गर्नु पर्नेछ ।

तर वडाध्यक्षको पद रिक्त रहेको अवस्थामा शिक्षक अभिभावक संघको अध्यक्ष संयोजक रहने छ ।

(४) व्यवस्थापन समितिहरुको छनौट सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

५९. **विद्यालयको व्यवस्थापन जिम्मा दिन सक्ने :** (१) सामुदायिक विद्यालयको व्यवस्थापन सुधार गर्न आवश्यक भएमा विद्यालय व्यवस्थापन समिति र नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले त्यस्तो विद्यालयको व्यवस्थापन नगरपालिका स्वयम्ले वा कुनै संगठित संस्थालाई जिम्मा दिन सक्नेछ ।

(२) यस सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६०. **विघटन गर्न सकिने :** (१) नगर कार्यपालिकाले यस ऐन तथा प्रचलित कानुन बमोजिम नगर शिक्षा समिति, विद्यालय व्यवस्थपन समिति, वडा शिक्षा संयोजन समिति तथा यस ऐन बमोजिम गठन भएका समिति वा उप समितिहरुलाई विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि सम्बन्धित समिति वा उपसमितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

## परिच्छेद - ११
## विविध

६१. **नगर कार्यपालिकाले निर्देशन दिन सक्ने:** (१) नगर शिक्षा समिति, वडा शिक्ष संयोजन समिति एवम् शिक्षा संबद्ध समितिहरुलाई नगर कार्यपालिकाले आवश्यक नीति निर्देशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको नीतिगत निर्देशनको पालना गर्नु शिक्षासँग संबद्ध सबै समितिहरुको कर्तव्य हुनेछ ।

६२. **प्रगति विवरण बुझाउनु पर्ने:** प्रत्येक विद्यलायले तोकिए बमोजिमको विवरण र शैक्षिक सूचक समेत देखिने गरी नगरपालिका समक्ष वार्षिक प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ ।

६३. **विद्यालयको वर्गीकरण:** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिने छ ।

६४. **विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नु पर्ने:** विद्यलयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावराण सिर्जना गर्न तथा विद्यालय हाताभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप र गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्र कायम गर्नु पर्नेछ ।

६५. **स्थायी आवासीय अनुमति लिन नहुने:** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले वैदेशिक स्थायी अवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यम अयोग्य नठहरीने गरी सेवाबाट हटाउन तोकिएको अधिकारी समक्ष सिफारिस गरिने छ ।

६६. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने:** नगर शिक्षा समितिले प्रत्येक ३/३ वर्षमा विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या, विषय र कक्षाको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्न सक्नेछ ।

तर स्वीकृत कक्षा सङ्ख्या भन्दा तोकिएको न्यूनतम शिक्षक दरबन्दी सङ्ख्या भन्दा कम गरिने छैन् ।

६७. **बालबालिकालाई निष्काशन गर्न शारीरिक र मानसिक दुर्व्यवहार गर्न नहुने:** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन् ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक र मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

६८. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः** नियम अनुसार विदा स्वीकृत गराई बसेको अवस्थाम बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन् र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन् ।

६९. **अध्ययन अनुमति पत्र लिनु पर्नेः** शिक्षक सोवा आयोगबाट अध्ययन अनुमति पत्र नलिई तोकिएको विषय बाहेक विद्यालयमा शिक्षण गर्न पाईने छैन् ।

७०. **अदालतको आदेशबाट पुनरबहाली हुन सक्नेः** विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक वा कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनरबहाली हुन सक्नेछ ।

७१. **मुद्दा हेर्ने अधिकारीः** (१) दफा ४५ बमोजिम कसुर सम्बन्धि मुद्दामा कारबाही र किनारा गर्ने अधिकारी तोकिए बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिम कारबाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

७२. **स्वयंसेवक शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी नभएका र दरबन्दी अपुग भएका, महिला शिक्षकले सुत्केरी विदा वसेको अवधि, एक महिना भन्दा बढी समय शिक्षक पद पुर्ति नभएको अवस्था भएमा त्यस्तो विद्यालयका लागि नगरपालिकाले विद्यालयको आवश्यकता अनुसार निश्चित समयका लागि स्वयंसेवक शिक्षक तथा कर्मचारीका लगि आवश्यक आर्थिक स्रोतको व्यबस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको सेवा, सर्त तथा सुविधा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

७३. **करार शिक्षक सम्बन्धि व्यवस्थाः** (१) स्वीकृत स्थायी दरबन्दी रिक्त भएमा विद्यालय व्यवस्थापन समितिले करार शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(२) करार शिक्षकको नियुक्ति सम्बन्धी कार्यविधि संघिय शिक्षा ऐन वा प्रदेशको शिक्षा ऐन वा तोकिए बमोजिम हुनेछ ।

७४. **संघिय/प्रदेश शिक्षा ऐन बमोजिम हुनेः** शिक्षक र कर्मचारी सम्बन्धि निम्न कुराहरु संघिय कानून बमोजिम हुनेछ ।

(क) शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा,

(ख) शिक्षक तथा कर्मचारीको निवृतिभरण, उपदान, उपचार खर्चर अन्य व्यवस्था,

(ग) शिक्षक तथा कर्मचारीको अवकास सम्बन्धी व्यवस्था,

(घ) शिक्षक तथा कर्मचारीको विभागीय सजाय सम्बन्धी व्यवस्था,

(ङ) शिक्षक तथा कर्मचारिको वढुवा सम्बन्धी व्यवस्था ।

(च) शिक्षक तथा कर्मचारीको विदा सम्बन्धी व्यवस्था ।

(छ) शिक्षक तथा कर्मचारीको आचार संहिता सम्बन्धी व्यवस्था ।

७५. **नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

७६. **निर्देशिका तथा कार्यविधि बनाउन सक्नेः** यस ऐनको कार्यन्वयनको लागि नगरपालिकाले आवश्यक, निर्देशिका तथा कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

७७. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश नगर सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

७८. **बचाउ र लागु नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तरगत बनेका दफामा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

शिवसताक्षी नगरपालिका, झापा

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संघिय/प्रदेश ऐनसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछन् ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

(५) यो ऐन लागु हुनुपूर्व भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(६) यस ऐनमा नसमेटिएका शिक्षा सम्वन्धि अन्य व्यवस्था संघीय/प्रदेश शिक्षा ऐन बमोजिम हुने छ ।

**७९. व्याख्या गर्ने अधिकारः** यस ऐनको व्याख्या गर्ने अधिकार न्यायिक समितिमा रहनेछ ।

आज्ञाले

सुरेन्द्र दाहाल

नि.प्रमुख प्रशासकीय अधिकृत

शिवसताक्षी नगरपालिका झापा